# भूमे साप्ताहिक

वर्ष ५ अङ्क ३४ २०८० पुस २५ बुधबार




## सम्पादकीय

# माघे सकराँतीको शुभकामना

नेपाली समाजमा मनाइने विविध साँस्कृतिक तथा ऐतिहासिक महत्वका चाडपर्वहरुमध्ये माघे सकराँती/माघी पर्व पनि एक महत्वपूर्ण राष्ट्रिय पर्व हो। यस पर्वलाई नेपाली समुदायमा आ-आफ्नै मौलिक परम्परा र साँस्कृतिक रीतिरिवाज अनुसार विशेष महत्वका साथ मनाउने गरिन्छ।

मगर र थारु समुदायले यो पर्वलाई नयाँ वर्ष शुभारम्भको रुपमा मनाउने गर्दछन्। मगर समुदायमा माघे सकराँती चेली पुज्ने पर्वका रुपमा पनि मनाइन्छ। यस पर्वमा चेलीबेटीलाई निम्तो गरेर तरुल, गिठा, भ्याकुर, पिँडालु, रोटी, खिचडी लगायत मिसाएर बनाइएका परिकार मिस्रा खुवाउने, टीका लगाइदिएर दक्षिणा दिने चलन छ।

हाम्रा विविध साँस्कृतिक चाडपर्व, संस्कार एवं परम्पराले आ-आफ्नो समुदायको विशिष्ट पहिचान दिलाएका छन्। मगर, थारु लगायतका समुदायले मनाउने यस पर्वले साँस्कृतिक, धार्मिक र ऐतिहासिक पक्षको संरक्षण मात्रै गरेको छैन, विविध जातजाति र समुदायका बीचमा सद्भाव कायम गर्न विशिष्ट भूमिका खेलेको छ।

माघे सकराँतीको अवसरमा भूमे साप्ताहिक परिवारको तर्फबाट समस्त पाठक, भूमे गाउँबासी लगायत स्वदेश तथा विदेशमा रहनुभएका सबै नेपाली आमा बुवा, दिदीबहिनी, दाजुभाइहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछौं।


प्रकाशक

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

# सिस्मिरे झोलुङ्गे पुल उद्घाटन

❖ बालाराम शेर्पाली



रुकुम पूर्व । भूमे गाउँपालिका वडा नं. ४ साकिमदेखि वडा नं. ५ को डालिबाङ जोड्ने झोलुङ्गे पुलको उद्घाटन गरिएको छ। ३ सय ६६.९० मिटर लम्बाई र ११० टन भार क्षमता भएको झोलुङ्गे पुलको गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले उद्घाटन गर्नुभएको हो।

सो अवसरमा कार्यक्रमलाई सम्बोधन गर्दै गाउँपालिका अध्यक्ष श्रेष्ठले यो पुल निकै लामो र धेरै उचाई भएकाले पुलको क्षेत्र वरिपरि थप पूर्वाधारको निर्माण र सुरक्षात्मक तरिकाले घेराबार गरे पर्यटकीय क्षेत्रको रुपमा विकास हुने बताउनु भयो।

साकिमबाट डालिबाङ पुग्न पैदल डेढ घण्टा लाग्ने भए पनि पुल निर्माण भएपछि १५ मिनेटमा छोटिएकोले स्थानीय नागरिक खुशी भएका छन्। वडामा विकासको काममा बाधा र

चुनौतीहरुलाई चिर्दै दिगो विकासमा लागि परिरहेको वडा नं. ४ का वडा अध्यक्ष श्यामप्रसाद बुढाले बताउनु भयो। पुल निर्माण भएपछि स्थानीयबासीलाई आवत जावतमा धेरै सहज भएको वडाध्यक्ष बुढाले बताउनु भयो।

यस्तै वडा नं. ५ का अध्यक्ष टेकप्रसाद बुढाले पुल निर्माणसँगै घण्टौं समय लगाएर आवतजावत गर्नुपर्ने बाध्यता अन्त्य भएको बताउनु भयो। स्थानीयवासीलाई आवतजावतमा सहजता हुनाका साथै पुल लामो र अग्लो समेत रहेकाले आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्न मद्दत पुग्ने उहाँ भनाइ छ।

वडा नम्बर ४ का अध्यक्ष श्यामप्रसाद बुढाको अध्यक्षता र भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा वडा नं. ५ को वडा अध्यक्ष टेकप्रसाद बुढा, भूमे गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत देवीलाल विक, सव ईन्जिनियर सन्तोष घर्ती, रोजगार सेवा केन्द्रका रोजगार सहायक चन्द्र रसाइली लगायत स्थानीय नागरिकहरुको उपस्थिति रहेको थियो। कार्यक्रमको सन्चालन वडा नं. ४ का सचिव दुर्गा पुनले गर्नुभएको थियो।

## खानेपानी तथा सरसफाई डिभिजन कार्यालय रूकुम पूर्वको सूचना

पूर्ण सरसफाइ प्राप्तिको लागि निम्न कुरा अबलम्बन गरौं।

- दिसा पिसाबका लागि चर्पीको मात्र प्रयोग गरौं ।
- दिसा पिसाब गरिसकेपछि, खाना पकाउनुअघि र खाना खानुअघि साबुनपानीले राम्रोसँग हात धुने गरौं ।
- घरायसी तहमा पिउने पानीको सुरक्षित व्यवस्थापन र शुद्धिकरण गरौं।
- व्यक्तिगत सरसफाइमा ध्यान दिऔं ।
- सुरक्षित खानाको प्रयोग गरौं ।
- घरभित्र र बाहिरका तरल, पच्ने र नपच्ने ठोस फोहोरमैलाको उचित व्यवस्थापन गरौं।







# भूमेमा आरन सुधार तालिम शुरु

❖ बालाराम शेर्पाली




**रुकुमपूर्व।** भूमे गाउँपालिकामा परम्परागत दलित सीपमूलक उद्योग अन्तर्गत आरन सुधार तालिमको उद्घाटन गरिएको छ। पालिकाको वडा नं. २ खाबाङ बगरमा आइतबारदेखि ४५ दिने आरन उद्योग सीप विकास तालिम सञ्चालन गरिएको हो। तालिमको माध्यमबाट उद्यमीहरूको आयआर्जनमा वृद्धि गर्ने र आरन पेसालाई बचाउने तालिमको उद्देश्य रहेको बताइएको छ।

आरन पेसालाई आधुनिकीकरण गर्दै लैजानका अपरिहार्य देखिन्छ। स्थानीय स्तरमा परम्परागत रुपमा विगतदेखि चल्दै आएको पेसालाई संरक्षण गर्न नसक्दा लोप हुने खतरा बढेको छ।

घरेलु तथा साना उद्योग कार्यालय रुकुम पूर्वको आयोजनामा सञ्चालन भएको तालिममा कार्यालयका उद्योग अधिकृत मधुकर डाँगीको अध्यक्षता तथा भूमे गाउँपालिका उपाध्यक्ष सविना बुढाको विशेष आतिथ्यता रहेको थियो।

तालिममा सल्यानका ईन्द्रबहादुर कामी प्रशिक्षकको रुपमा रहनुभएको छ भने १५ जना प्रशिक्षार्थीहरु सहभागी रहेको घरेलु तथा साना उद्योग कार्यालय रुकुम पूर्वका नायब सुब्बा सन्तोष मल्लले जानकारी दिनुभयो। तालिममा आरनलाई व्यवस्थित गरिनुपर्ने, आरन सुधारतर्फ राज्यको ध्यानाकर्षण हुनुपर्ने लगायतका बारेमा कुराहरु उठाइएको थियो। तालिमको सञ्चालन नायब सुब्बा सन्तोष मल्लले गर्नु भएको थियो।

# जन्म दिनमा सहिद परिवारलाई सम्मान

❖ **बालाराम शेर्पाली**



रुकुम (पूर्व) । आफ्नो जन्म दिनमा प्रायः मानिसहरुले केक काट्नेदेखि होटल तथा रेष्टुरेन्टहरुमा भोज कार्यक्रम आयोजना गर्दछन्। तर केही मानिसहरु भने आफ्नो जन्मदिनको अवसरमा रचनात्मक र सामाजिक कार्यहरुमा पनि योगदान र लगानी गर्दै आएका छन्। कसैले विरुवा रोप्ने, कसैले विरामी तथा गरिब दुःखीहरुलाई सहयोग गर्नेदेखि सामाजिक कार्यमा लगानी गर्दै आएका छन्। यसैबीच भूमे गाउँपालिका वडा नम्बर ३ सिमाको समाजसेवी चन्द्र रसाइलीले आफ्नो जन्मदिनको अवसरमा सहिद परिवारलाई सहयोग गरेका हुन्।

उहाँले भन्नुभयो, "हिजो जनयुद्धका बेला जहाँ बास हुन्थ्यो त्यहीँ गास हुन्थ्यो त्यही जनवादी विवाह हुन्थ्यो त्यहीँ जन्मोत्सव हुन्थ्यो तर आजको शान्ति प्रकृयामा आएको बेला महंगो खर्चिलो गरि जन्मदिन नमनाएर भावनात्मक रुपमा त्याग तपस्या र वलिदान गरेका सहिद परिवारलाई चिन्ने र भेट्ने अवसर मिल्यो यसमा म धेरै गौरवान्वित छु। आजको परिस्थिति हुनुमा यहाँका सहिदहरुसँगै हजारौं सहिदहरुले रगत बगाएका छन्" उहाँले भन्नुभयो, "मलाई भौतिक रुपमा जन्मदिने आमाबुवालाई नमन गर्दै सबै सहिद परिवारहरु मेरा बाआमा आफन्त हुनुहुन्छ। आजका दिन सहिदहरुको सपना पूरा हुन सकेका छैन यसको आज हामीले मात्रै होइन सिंगो देशले नै सम्झिरहेको छ। अब देशको समृद्धि र विकासको रेखा कोर्नका लागि सबै लाग्नु पर्छ।"

उहाँले सिस्ने गाउँपालिका ५ रुकुमकोट रुमालबाराका ४ जना सहिद परिवारलाई सम्मान गर्नुभएको हो। तत्कालीन जनयुद्धको आधार क्षेत्र मानिने रुमालबारा घर भएका र म्याग्दीको बेनी कब्जामा सहादत प्राप्त गर्नुभएका जनमुक्ति सेनाहरु सहिद श्रवणकुमार मल्ल (विद्रोही), सुपारी परियार (बन्दना), खारा आक्रमणमा सहादत प्राप्त गर्नुभएका सहिद सीता घर्ती (अपेक्षा) र दिलकुमारी घर्ती (अपेक्षा) का परिवारलाई रसाइलीले दोसल्ला ओढाइ सहिदको फोटो र रेडियो हस्तान्तरण गर्नुभएको हो।

# बाख्रा खोर निर्माण गर्न किसानलाई जस्तापाता

❖ बालाराम शेर्पाली



रुकुम पूर्व । नेपाल सर्वाङ्गीण विकास नेपालले किसानको आयआर्जनमा वृद्धि गर्ने उद्देश्यले भूमे गाउँपालिकाको वडा नम्बर ३ को मोराबाङमा बाख्रा खोर निर्माणको लागि जस्तापाता वितरण गरिएको छ। वडाका ६ जना किसानलाई उनीहरुको माग अनुसारको जस्तापाता वितरण गरिएको हो।

वडाका किसानहरु बाबुराम कँवर, जङ्गबहादुर कँवर, शेरबहादुर कँवर, झुलप्रसाद गुरुङ, विकास सुनार र तुलप्रसाद सुनारलाई हुलास कम्पनीको ०.६४ गेसको जस्तापाता उपलब्ध गराएको सर्वाङ्गिण विकास नेपालका प्राविधिक पूर्णबहादुर विकले जानकारी दिनुभयो।

पछिल्लो समय बाख्रापालक किसान व्यावसायिकतातर्फ उन्मुख भएका छन्। परम्परागत कृषि पद्धतिबाट मनग्गे आम्दानी नभएपछि कृषकहरु आधुनिक बाख्रापालन व्यवसायतर्फ आकर्षित भएका हुन्। बाख्राबाट किसानको जीवनस्तर माथि उठाउन टेवा पुग्ने विश्वास व्यक्त गरेको बिकले बताउनु भयो।

# कोइचा कृषि सहकारीको अध्यक्षमा श्रीकुमारी

❖ बालाराम शेर्पाली




रुकुम (पूर्व) । भूमे गाउँपालिका वडा नं ६ स्थित कोइचा पर्वतीय साना किसान कृषि सहकारी संस्थाको छैटौं वार्षिक साधारण सभा सम्पन्न भएको छ। कृषि सहकारी संस्थाका अध्यक्ष फर्कबहादुर बुढाको अध्यक्षतामा शनिबार साधारण सभा सम्पन्न भएको हो।

भूमे गाउँपालिका उपाध्यक्ष सविना बुढाको प्रमुख आतिथ्यता रहेको कार्यक्रमको बिशेष अतिथिमा एकीकृत कृषि तथा पशुपंक्षी विकास कार्यालय रुकुम पूर्वका कार्यालय प्रमुख पिताम्वर बस्नेत रहनुभएको थियो।

त्यस्तै अतिथिहरुमा जिल्ला सहकारी संघ, रुकुमकोट रुकुम पूर्वका अध्यक्ष वसन्त कुमार श्रेष्ठ, भूमे गाउँपालिका वडा नम्बर ६ का वडा अध्यक्ष विक्रम पुन लगायत सहकारीका सदस्यहरुको आतिथ्यता तथा उपस्थिति रहेको थियो। कार्यक्रममा बोल्ने अतिथिहरुले ग्रामीण क्षेत्रमा स्थापना भएका साना किसान कृषि सहकारीहरुले किसानहरुको आर्थिक स्थिति सबल बनाउन योजनाबद्ध कामहरु गर्नुपर्ने भन्दै त्यसमा स्थानीय सरकार, प्रदेश र संघले पनि सहयोगका साथै कामको अनुगमन, निगरानी गर्नुपर्नेमा जोड दिएका थिए। साधारण सभा सफलताको शुभकामना दिदै अतिथिहरुले नयाँ कार्यसमिति जुझारु र सक्रिय हुने अपेक्षा पनि व्यक्त गरेका थिए। यसैबीच कृषि सहकारीको साधारण सभाले श्रीकुमारी बिक अध्यक्ष रहेको नयाँ कार्यसमिति निर्वाचित गरेको छ।

लोकसेवा आयोग, शिक्षक सेवा आयोग, हाजिरी जवाफ प्रतियोगिताका लागि उपयोगी

**१. प्रसिद्ध वैज्ञानिक थोमस अल्भा एडिसनको जन्म कहिले भएको हो ?**

≅ सन् १८४७ फेब्रुअरी ११

**२. प्रसिद्ध कलाकार लिओनार्दो दा भिन्चीको जन्म कहिले भएको हो?**

≅ सन् १४५२ अप्रिल (इटाली) *(मोनालिसा, द लास्ट सुपर, लेडी विथ एन एम्पायर, भर्जिन अफ द रक्स, द भिट्रुभियन म्यान, सल्भेटर मुन्डी उनका चर्चित कलाकृति हुन्। उनको निधन ६७ वर्षको उमेरमा सन् १५१९ मे २ मा भएको हो।)*

**३. रुद्राक्षको राजधानी भनी कुन जिल्लालाई चिनिन्छ?**

≅ सङ्खुवासभा

**४. डब्लुएचओले दक्षिण एसियाली राष्ट्रहरूमा अत्यावश्यक औषधी तथा परीक्षण सम्बन्धी सामग्रीहरू सस्तो एवं सुलभ बनाउने निर्णय कहिले गरेको हो?**

≅ सन् २०१८ सेप्टेम्बर ५

**५. नेपालले कहिलेसम्म हात्तीपाइले रोग निवारण गर्ने लक्ष्य लिएको छ?**

≅ सन् २०३०

**६. नेपालका सामानहरू सबैभन्दा बढी निकासी हुने राष्ट्र कुन हो?**

≅ भारत

**७. नेपालमा पानी जहाज कार्यालयको स्थापना कहिले गरिएको हो?**

≅ विसं २०७५ फागुन २ (एकान्तकुना, ललितपुर)

**८. नेपालमा स्वास्थ्य बिमा कार्यक्रम कहिलेदेखि लागु भएको हो?**

≅ विसं २०७२ चैत २५

**९. नेपालमा टिप्पणी उठाई निर्णय गर्ने पद्धतिको सुरुवात कहिलेदेखि भएको हो?**

≅ विसं २००८

**१०. विश्वको सबैभन्दा अग्लो होटल कुन हो?**

≅ जे होटल (चीन) साङ्घाईमा सन् २०२१ जुन १९ देखि सञ्चालनमा आएको यो होटल ६३२ मिटर अग्लो रहेको छ।

**११. अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति कार्यान्वयन समितिको अध्यक्ष को हुने व्यवस्था छ?**

≅ अर्थमन्त्री

**१२. जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौता अनुमोदन गर्ने पहिलो सार्क राष्ट्र कुन हो?**

≅ माल्दिभ्स (नेपालले सन् २०१६ अक्टोबर २४ मा यो सम्झौता अनुमोदन गरेको थियो।)

***संकलनः टङ्क केसी/गोरखापत्रबाट***

# कुखुरा पालनमा जैविक सुरक्षा कति जरुरी ?



**नारायण ओली**

कुखुरा पालनमा जैविक सुरक्षा गर्नु भनेको रोगको कारक तत्वहरुलाई पंक्षीबाट र पंक्षीलाई रोगको कारक तत्वबाट टाढा राख्ने व्यवस्था बुझाउँछ। पंक्षीलाई रोगव्याधीबाट जोगाउने र नियन्त्रण गर्ने सम्बन्धमा उपलव्ध प्रविधिहरुमा जैविक सुरक्षा नै सबैभन्दा सस्तो र भरपर्दो उपाय ठहरिएको छ। पंक्षी व्यवसायको सफलता आफ्नो पंक्षीको स्वास्थ्य सुरक्षामा निर्भर गर्दछ।

अतः पंक्षीको बर्ड फ्लु, रानीखेतजस्ता सिमाविहीन रोगदेखि लिएर अन्य महामारी लगायतका विभिन्न रुपमा फैलिने रोगहरुलाई समेत आफ्नो फार्ममा प्रवेश गर्न र संक्रमण गर्नमा रोक लगाउन अवलम्बन गरिने जैविक सुरक्षाका चरणबद्ध उपायहरु निम्नानुसार अपनाइन्छ। जैविक सुरक्षाका प्रमुख तिन अंगहरुलाई देहाय अनुरुप छुट्टाछुट्टै बर्णन गरिएको छ-

**१. अलग गर्ने**

आफ्नो पंक्षीलाई अन्य पशुपंक्षी तथा रोगका जीवाणु वा विषाणुको संसर्गबाट टाढा अलग्याएर राख्नु पर्दछ। यसो गर्दा रोग उत्पन्न गर्ने शुक्ष्म जीवहरु र रोगका सम्वाहकहरुको संसर्गबाट आफ्ना पंक्षीहरु अलग राख्न सकिने र पंक्षीको समुहमा रोग प्रवेश गर्न नसक्ने भएकोले पंक्षीहरु सुरक्षित रहन सक्दछन्। रोगको जीवाणु बोकेर

हिंड्ने मानिस, पशुपंक्षी, जंगली जनावर, गाडी, चरा, मुसाजस्ता रोगको सम्बाहक र कारक तत्वहरुलाई आफ्नो पंक्षी फार्ममा प्रवेश हुनबाट रोक लगाउने र अनावश्यक रुपमा अन्य पशुपंक्षीको संसर्गमा आफ्ना पंक्षीलाई नराख्ने वातावरण सृजना गर्नु पर्दछ। यसको लागि निम्नानुसार गर्नु पर्दछ-

- फार्ममा पंक्षी राख्दा खोरमा जाली लगाउने र बजारमा राख्दा सुरक्षित खोरमा राख्ने।
- कुखुरापालन गर्दा एकैपटक कुखुरा भित्र्याउने र एकै पटक बाहि-याउने गरी एकै पटक अन्त्य गर्ने सिद्धान्तमा आधारित व्यवस्थापन प्रणाली अपनाउने। यसबाट पूरै फार्म एकैपटक निःसंक्रमण गर्न सहज हुन्छ।

२. पंक्षी फार्म भित्र र फार्म बाहिर हुने मानिस, चराचुरुङ्गी, दाना, अण्डा, गाडी तथा सामग्रीहरुको अनावश्यक आवतजावत तथा आवागमनमा नियन्त्रण गरी रोगको प्रवेशमा रोक लगाउनु पर्दछ। यसको लागि निम्नानुसार गर्न सकिन्छ-

- अनाधिकृत व्यक्तिलाई फार्म परिसरभित्र पस्न रोक लगाउने।
- फार्मको काममा प्रयोग नगरिने सबै गाडीहरुलाई फार्मको प्रवेश गेटमा नै रोक्न लगाउने।
- काम गर्ने बेलामा पहिले निरोगी र त्यसपछि रोगी अनि पहिले चल्ला र पछि माउको हेरचाहको कार्य गर्नु पर्दछ।
- पंक्षीका व्यापारीहरुलाई फार्म भित्र पस्न नदिने।
- कुखराको खोर वा छुट्टा छुट्टै कोठाका लागि छुट्टै भित्र पस्दा लगाउने जुत्ता राख्ने।
- फुट वाथको व्यवस्था मिलाउने।
- पंक्षी बजारमा एक तर्फबाट पस्ने र अर्को तर्फबाट निस्कने व्यवस्था मिलाउनु पर्दछ।
- पंक्षी बजारमा विक्रीको लागि लगिएको पंक्षी पुन फार्ममा फिर्ता नल्याउने। यसको लागि पंक्षी बजार निर्माण गर्दा नै ध्यान पु-याउने।
- बजारमा पसेको मानिस एक तर्फबाट पसेपछि अर्को तर्फबाट मात्र निस्कन मिल्ने गरि पंक्षी बजार निर्माण गर्ने।
- फार्मबाट पंक्षी ओसारपसार गर्ने गाडीलाई लोड अनलोड गर्न उपयुक्त स्थान निर्माण गर्ने। एक ठाउँबाट मात्र लोडअनलोड गर्नाले त्यस्तो परिवेशको सरसफाई तथा निःसंक्रमण गर्न सहज हुने गर्दछ।

### ३. सरसफाई

नियमित रुपमा पंक्षीको खोर, प्रयोग हुने दानापानीको भाँडावर्तन, गाडी तथा कामदार समेतको सरसफाई र निःसंक्रमणमा राम्ररी ध्यान दिनाले रोग उत्पन्न गर्ने सुक्ष्म जीवहरुको फार्ममा प्रवेश हुन पाउँदैन। पंक्षी व्यवसायसित सम्बन्धित खोर, फार्ममा प्रयोग हुने सामग्रीहरु, गाडीका साथै मानिसले समेत तल दिए अनुसार सरसफाई र निःसंक्रमणको विधि अपनाउनु पर्दछ-

- कुखुराको फार्ममा काम गर्ने कामदारहरुले काम सकिए पछि हातगोडा राम्ररी सफा गर्ने अनि लुगा र जुत्ता फेर्नु पर्दछ। यसरी राम्ररी सरसफाई नगरिकन अर्को फार्ममा पस्नु पनि हुँदैन।
- फार्ममा प्रयोग भएका विभिन्न सामग्रीहरु (दानापानी खाने भाँडा, औजार तथा उपकरण आदि) लाई नियमित रुपमा सरसफाई र निःसंक्रमण गर्ने।
- फार्ममा राम्रो ढलको व्यवस्था गर्ने।
- प्रयोग भएको सोत्तरलाई सधैं सुख्खा राख्ने व्यवस्था मिलाउने।
- फार्मबाट निस्केको पानी फेरी प्रयोग गर्नु हुँदैन।
- कुखुरा फार्म वरिपरिको क्षेत्रमा किराफटेंग्रा, चरा, मुसालगायतका जीव/पेष्ट नियन्त्रण कार्य गर्ने।
- जैविक सुरक्षाको पूर्वाधार भनेको असल व्यवस्थापन पद्धति अनुसार पंक्षीपालन गर्नु हो भन्ने कुरालाई कुखुरापालकले जहिले पनि मनन गर्नु पर्दछ।

**बजारमा ढुवानी गर्दा ध्यान दिनुपर्ने जैविक सुरक्षाका उपायहरु**

- जैविक सुरक्षाका विधिहरु राम्ररी पालन गर्ने विश्वासिलो उत्पादकहरुबाट मात्र स्वस्थ पंक्षीहरु खरीद गरि ढुवानी गर्नु पर्दछ।
- रोगका लक्षण देखाइरहेका वा रोग लागेको शंका लागेमा त्यस्ता पंक्षीहरु विक्री वितरणको लागी खरिद गर्नु हुँदैन।
- एकै पटकमा वा एकै दिनमा धेरै फार्मबाट पंक्षी संकलन नगर्ने।
- पंक्षी डिलर र पंक्षी ढुवानी गर्ने टोकरीलाई कहिल्यै पनि फार्म भित्र ल्याउन नदिने। पंक्षीको कारोबार फार्म बाहिर नै गर्नु पर्दछ।
- कामदारबाहेक अन्य व्यक्ति पंक्षी संकलन गर्न खोर भित्र छिर्नु हुँदैन र पंक्षीलाई पालन गरेको फार्मभन्दा केही टाढा निश्चित स्थानमा संकलन गर्नु पर्दछ।
- पंक्षी ढुवानी गर्ने साधनमा मानिस बोक्नु हुँदैन। अन्य पशुपंक्षीसित मिसाएर ढुवानी गर्नु हुँदैन।
- पंक्षी रोग फैलिएको समयमा रोगलाई थप फैलन नदिन पंक्षीको आवतजावतमा लगाइएको रोकको पालना सदैव गर्नु पर्दछ।
- ढुवानीमा प्रयोग गरिने प्लाष्टिक तथा धातुको सामग्रीहरु सजिलै सफा गर्न सकिने खालको हुनुपर्दछ भने स्थानीय स्तरमा बाँस तथा डोरीबाट बनेका टोकरी आदिलाई बदल्ने वा काम नलाग्ने वा पुरानो भएपछि डढाएर नष्ट गर्नु पर्दछ।
- पंक्षी ढुवानीमा प्रयोग भएका गाडा, मोटरसाईकल, पिकअप, जीप, ट्रक आदिलाई ढुवानी कार्य समाप्त भए पछि राम्ररी सफा र निःसंक्रमण गर्नु पर्दछ।

**विक्रेताले ध्यान दिनुपर्ने जैविक सुरक्षाका विधिहरु**

बजार व्यवस्थापनले प्रभावकारी जैविक सुरक्षाका उपायहरु अवलम्बन गर्न आवश्यक पूर्वाधारहरु तथा सुविधाहरु उपलव्ध गराए पनि अन्ततोगत्वा स्वस्थ एवं स्वच्छ उत्पादनको लागि दैनिक रुपमा सरसफाई गर्ने जिम्मा पंक्षी विक्रेताहरुको नै हुने भएकोले विक्रेताहरुले निम्नानुसार जैविक सुरक्षा विधि अपनाउनु आवश्यक देखिएको छ-

- जैविक सुरक्षाको विधि अपनाई भरपर्दो श्रोतबाट मात्र पंक्षी खरीद गरि स्वस्थ र गुणस्रीय पंक्षीहरुको व्यवसाय संचालन गर्नु पर्दछ।
- एउटै खोर, पिंजडा, टोकरीमा विभिन्न उमेर र



जातको पंक्षी वा मनोरञ्जनको लागि पालिएका पंक्षीहरु (सुगा, मैना, कालिज) मिसाउनु हुँदैन।
- सकेसम्म एउटै श्रोतबाट मात्र पंक्षी खरीद गर्नुपर्दछ।
- विक्री गर्ने दिनमा नयाँ पंक्षीहरु नभित्राउने।
- विक्री नभएका पंक्षीहरुलाई जुन फार्मबाट लगेको हो सोही फार्ममा फिर्ता ल्याउनु हुँदैन र यस्ता पंक्षीहरुलाई वध गर्नु पर्दछ।
- आफुसित भएका पंक्षीहरु विरामी भए नभएको सदैव चनाखो भएर निगरानी राख्नु पर्दछ। यदि विरामी भएको शंका लागेमा स्वस्थहरुबाट अलग गरी बेग्लै खोर वा टोकरीमा राख्नु पर्दछ।

- विक्रेताले विक्रीको लागि ल्याएको पंक्षीको सही तथ्यांक राख्नु पर्दछ।
- आफुले ल्याएको पंक्षीहरु असामान्य तरिकाले विरामी भए वा मर्न लागेमा तुरुन्तै सम्बन्धित निकायहरुमा (पशु सेवा केन्द्र, पशु सेवा कार्यालय, पालिका) चाँडो खबर गर्नुपर्दछ।

### हाटबजारमा जैविक सुरक्षा विधि

नेपालमा पशुपंक्षी बेचविखनमा हाटबजारको भूमिका महत्वपूर्ण रहेको छ। तर धेरैतिरका पशु हाटबजारमा ल्याउने र पशु एक आपसमा सम्पर्कमा आउने, व्यापारीले मोलमोलाइ गर्दा, पशुहरुलाई छुदा रोग संक्रमणको संभावना अत्यधिक रहन्छ। अतः देहायका जैविक सुरक्षाका उपायहरु उपयोगी हुने देखिन्छ-

- हाट बजारमा विरामी वा शंकास्पद विरामी पशुलाई अलग्गै राख्ने र उपचार गर्ने।
- पशु ढुवानीमा प्रयोग हुने सवारी साधनको सरसफाई र प्रत्येक पटक पशु ढुवानीपश्चात निःसंक्रमण गर्ने।
- हाटमा विक्रीको लागि ल्याइएका पशुलाई सकभर फिर्ता नलैजाने। लैजानु परेमा वा हाट बजारबाट खरिद गर्नु परेमा गोठमा पालिएका अरु पशुसँग नमिसाई करिब २ हप्तासम्म अलग्गै राख्ने।
- हाटबजारको मलमुत्र र फोहोर निष्कासन उचित किसिमले गर्ने।
- बजार लाग्ने स्थान वरपर संक्रामक रोग फैलिएमा हाटबजारमा रोगी पशु नल्याउने। रोग साम्य नभएसम्म बजार बन्द गर्ने।
- हाटबजारको माध्यमबाट पशुपंक्षीहरुको रोग फैलिन सक्नेबारे व्यापारी, कृषक, ढुवानीकर्ता, सवारी चालक, हेल्परलाई समेत सचेत गराउने।





# ज्यानमारा रोग रेविजबाट

## आफू कसरी बच्ने र अरुलाई बचाउने?





बौलाहा कुकुर,विरालो,स्याल,न्याउरी मुसा वा अन्य मांसहारी जनावरको टोकाईबाट रेविज रोग सर्दछ ।



बौलाहा वा शङ्कास्पद कुकुर र जंगली जनावरले टोकेमा तुरुन्तै सावुन पानी वा सफा पानीले ५ मिनेटसम्म राम्रोसँग घाउ पखालौ र औषधी लगाऔ ।



टोक्ने कुकुर १० दिनभित्र मर्‍यो,मारियो,बेपत्ता भयो वा चिन्न सकिएन भने डाक्टरको सल्लाह बमोजिम रेबिज रोग विरुद्धको खोप लगाउने । **सावधान!** बौलाहा कुकुरले टाउको वा आसपासका धेरै ठाउँमा नराम्रो गरि टोकेको अवस्थामा तुरुन्तै रेबिज विरुद्धको खोप लगाउनुपर्छ । किनकी रोग लाग्ने सम्भावना धेरै हुन्छ ।



पाल्तु कुकुर वा विरालोलाई नियमित रुपमा रेविज रोग विरुद्धको खोप लगाउनुपर्छ । पहिलो पटक ३ महिनाको उमेरमा दोस्रो पटक ९ महिनाको उमेरमा त्यसपश्चात प्रत्यक वर्ष रेबिज विरुद्धको खोप लगाउनु पर्छ ।

**कहिलै बिर्सिनु भएन,रेविज रोग लागेपछि कुनै उपचार हुदैन तर बेलैमा सावधानी पुग्यो भने सजिलै बाँच्न सकिन्छ।**

अनि यता पनि हेरौ त ।



- बौलाएको कुकुरले टोकेमा नियमित रेबिज रोग विरुद्धको खोप लगाउनुपर्छ।
- आजसम्म एउटा मात्र खोप लगाएर पुग्ने रेबिज खोप पत्ता लागेको छैन ।

भूमे गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
**पशु सेवा केन्द्र**

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

# लम्पी स्किन रोग सम्बन्धी जानकारी

**परिचयः**

- यो रोग गाई भैसीमा देखिने रोग हो ।
- यो पोक्स भाइरसले गर्दा लाग्ने गर्छ ।
- सन् 2012 मा मध्यपूर्व देखि दक्षिण-पूर्वी युरोपमा फैलिएको थियो ।
- हाल ५५ जिल्लामा फैलिएको पुष्ट्याई भएको छ ।
- मृत्युदर गाईवस्तुमा ३-७ र भैंसीमा ०% रहेको छ ।
- यसले स्थानीयको तुलनामा उन्नत नश्ललाई बढी असर गर्ने गर्छ ।
- उत्पादनमा गिरावट् आउने, ओसारपसारमा प्रतिवन्ध गर्नुपर्ने हुदा आर्थिक नोक्सानी हुने गर्दछ ।
- यो रोग पशुबाट मानिसमा सर्दैन ।
- रोग गर्मि मौसममा किराहरुको टोकाईबाट सर्ने गर्दछ ।

**लक्षणहरुः**


संक्रमित पशुहरुमा निम्न लक्षणहरु देखा पर्ने गर्दछ ।

- उच्च ज्वरो १०४ डिग्री फरेनहाइट भन्दा बढी आउने गर्दछ ।
- छालामा १ देखि ५ सेन्टिमिटरका साह्रा गोलो गिर्खाहरू देखिने ।
- थतुनो,ओठ, मुख र नाकभित्र घाउ देखिन्छ।
- आखाँ र नाकबाट अत्यधिक मात्रामा तरल पदार्थ आउँछ,र्‍याल काड्छ, लिम्फ नोडहरू सुनिन्छन, संक्रमित पशु लक्षण नदेखाई मर्न पनि सक्छ ।
- किराले गिर्खाहरु फुटाएर जटिल प्रकारका घाँउ बनाउन सक्छ ।



**रोग सर्ने माध्यमः**

- संक्रमित लामखट्टे, झिंगा, किर्ना जस्ता किराहरूको टोकाइबाट सर्छ ।
- संक्रमित गाईवस्तुहरुको ओसारपसार गर्दा सर्छ ।
- उपचारमा संलग्न प्राविधिक तथा प्रयोग गरिने संक्रमित औजारबाट सर्न सक्छ।
- पशुको प्रजनन, दानापानी खाने भाँडा, चरण क्षेत्र तथा प्रत्यक्ष पशुको सम्पर्कबाट पनि सर्न सक्छ ।





**उपचारः**

दुर्भाग्यवश यो रोग भाइरसबाट लाग्ने भएको हुदाँ प्रभावकारी उपचार छैन । यसको सबैभन्दा राम्रो उपाय भनेको रोग लाग्न नदिनुनै उत्तम उपाय हो। यसको सट्टा, संक्रमित जनावरहरूले सहायक हेरचाह गर्न सकिन्छ,जसमा लक्षणको आधारमा उपचार गर्न एन्टिबायोटिक, पेनकिलर र घाउ सफा गर्ने स्प्रेहरुको प्रयोग गर्न सकिन्छ । कुनै उपचार नभए पनि रोग फैलिन नदिन वा नियन्त्रण गर्न भ्याक्सिनको प्रयोग गर्न सकिन्छ । दुर्भाग्यवश यसको भ्याक्सिन हाल सम्म नेपालमा उपलब्ध छैन । आसा छ यसको भ्याक्सिन नेपालमा छिटै उपलब्ध हुने छ ।



**रोगको शंका लागेमा के गर्नेः**

- रोगको प्रकोप फैलिएको क्षेत्रका पशुहरुलाई नियमित निरिक्षण गर्ने ।
- रोगको शंका लागेका नजिकका भेटेरीनरी प्राविधिक, गाउँपालिका पशु सेवा केन्द्र, एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालयमा खबर गर्ने ।
- पशुहरुको ओसारपसार गर्न पुर्णरुपमा बन्द गर्नुपर्छ ।




**रोकथाम तथा जैविक सुरक्षाका उपायहरुः**

तपाईं आफ्नो फार्मको सुरक्षा कसरी गर्न सक्नुहुन्छ ? आफ्नो फार्मको सुरक्षाका लागि विभिन्न उपायहरु अपनाउने गर्नुहोला । विश्वसनीय स्रोतहरूबाट गाईभैंसी खरिद गर्नुपर्दछ । गाईभैंसी खरिद गरेर ल्याउदा २८ दिनसम्म बथानबाट अलग्गै वा क्वारेन्टाइनमा राख्नुपर्दछ । यो रोगको प्रकोपको समयमा रोग लागेको ठाउँ बाट गाईभैंसी ल्याउन हुदैन। गोठलाई झिंगा, लामखुट्टे तथा अन्य किराहरूबाट मुक्त राख्नु ,सरसफाइमा ध्यान दिनपुर्दछ । आवश्यकता अनुसार उपयुक्त किटनाशक औषधी प्रयोग गर्नुपर्दछ । गोठको वरिपरि पानी जम्ने ठाउँ हुनु हुदैन । आफ्नो फार्ममा जैविक सुरक्षाका उँपायहरू अवलम्बन गर्नुपर्दछ । प्रत्यक वर्ष पशुवस्तुहरुलाई खोप लगाउनुपर्छ ।




**रोग देखिएमा यहाँ सम्पर्क गर्नुहोलाः**

- वडानं १ र २ का लागि अमृता रोका, ९८४८०५७२७२
- वड नं ३ र ८ का लागि दिल कुमारी सुनार, ९८६७२२९४६६
- वडा न् ४ र ५ का लागि जनम बुढा मगर, ९८४८६९९७२८
- वडा नं ६ र ७ का लागि भुपाल ओली, ९८६६९१६०३७
- वडा नं ९ का लागि कमल के सी, ९८४६८१०१६०
- गाउँपालिका पशु सेवा केन्द्र का लागि नारयण ओली, ९७६२५२७१७० भुपेन्द्र शाही , ९८६६९१६०३७




**जनहितका लागि**
**भूमे गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**पशु सेवा केन्द्र**

**खाबाङबगर, रुकुम (पूर्व)**
**लुम्बिनी प्रदेश, नेपाल**

**थप जानकारीका लागि. ९७६२५२७१७०, ९८६६९१६०३७, ९८४८६९९७२८, ९८६८६३३५५१, ९८४८०५७२७२, ९८४६८१०१६०**

भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)

## जनहितमा जारी सन्देश

- जन्म, मृत्यु, विवाह, बसाइसराइँ, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु सम्बन्धित वडा कार्यालयमा गइ ३५ दिनभित्रै दर्ता गराऔं ।
- आफूले तिर्नु/बुझाउनु पर्ने घर जग्गा कर, मालपोत कर, व्यवसाय कर लगायतका कर तथा शुल्कहरु समयमै बुझाउने बानी बसालौं ।
- सार्वजनिक स्थलहरुमा जथाभावी फोहोर नफालौं, आफ्नो घर आँगन सफा राखौं र फोहरको उचित व्यवस्थापन गरौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेका विकास निर्माण कार्यहरुमा सहभागी हुँदै रेखदेख गरौं ।
- आफ्ना नानी -बाबुहरुको शिक्षा, स्वास्थ्यमा ध्यान पुऱ्याऔं ।
- विद्यालय जाने उमेर समूहका बालबालिकाहरुलाई विद्यालय पठाऔं, आफ्नो समुदाय र विद्यालयहरुलाई बालमैत्री बनाऔं ।
- गाउँघरमा रहेका पुराना पोखरीहरुको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरुको संरक्षण गरौं ।
- बालविवाह सामाजिक अपराध भएकाले २० वर्षपछि मात्र विवाह गरौं र गराऔं ।
- सार्वजनिक सम्पत्ति, ऐतिहासिक, पुरातात्विक सम्पदाहरुको संरक्षण गरौं ।
- वनमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- अपाङ्गता भएका व्यक्तिहरु, असहायहरु, जेष्ठ नागरिकहरु र बालबालिकाहरुलाई आवश्यक सहयोग गर्ने बानी बसालौं ।
- व्यवसाय सञ्चालन गर्दा गाउँपालिका वा सम्बन्धित निकायमा अनिवार्य दर्ता गराइ सञ्चालन गर्ने गरौं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बीउबिजनको प्रयोग गरी कृषिजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गरौं ।
- घरेलु हिंसा, लैङ्गिक हिंसा, जातीय भेदभाव लगायतका सबै प्रकारका भेदभाव र हिंसाको अन्त्य गरौं ।
- प्लास्टिक जथाभावी नफालौं, प्लास्टिकको न्यून प्रयोग गरौं, प्लास्टिकमुक्त गाउँ बनाउने अभियानमा सबैले सहयोग गरौं ।